तहको हकमा सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजकले अनुगमन गर्ने र सो को जानकारी जिल्ला प्रशासन कार्यालयलाई दिने ।

४. प्रकरण १ (१) (घ) को सम्बन्धमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालले चेक जाँच गर्ने र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयबाट समेत सूक्ष्म निगरानी गरी प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउने ।

५. प्रकरण १ (१) (ङ) को सम्बन्धमा जिल्ला समन्वय समितिले विकास आयोजनासँग सम्बन्धित कार्यालयका प्रतिनिधिहरू रहने गरी समिति गठन गरी तोकिएको स्वास्थ्य लगायतका मापदण्डहरू पूरा गरी विकास आयोजनासम्बन्धी कार्य भए, नभएको सम्बन्धमा अनुगमन गर्ने र सो को जानकारी जिल्ला प्रशासन कार्यालय दिने ।

६. प्रकरण १ (१) (छ) को सम्बन्धमा स्वास्थ्य लगायतका अन्य मापदण्डहरू पूरा भए, नभएको सम्बन्धमा हेटौडा औद्योगिक क्षेत्रभित्रका उद्योगको हकमा हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले र अन्य उद्योगहरूको हकमा घरेलु तथा साना उद्योग कार्यालयले औद्योगिक सुरक्षा गुल्मसँग आवश्यक समन्वय गरी अनुगमन गर्ने र सो को जानकारी जिल्ला प्रशासन कार्यालयमा दिने ।

७. माथि उल्लेखित सबै कार्यहरूको समग्र अनुगमन गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने । उक्त समितिले नियमित अनुगमन गरी भए गरेका गतिविधिहरूका सम्बन्धमा जिल्ला कमाण्ड पोष्टमा नियमित जानकारी गराउने । साथै, समितिले आवश्यकता अनुसार अन्य क्षेत्रका प्रतिनिधिलाई आमन्त्रित गर्न सक्ने छ ।

| | |
|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | संयोजक |
| अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर | सदस्य |
| अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, मकवानपुर | सदस्य |
| अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपाल, नं. १४ गण, हे.क्वा. | सदस्य |
| अधिकृत प्रतिनिधि, स्वास्थ्य कार्यालय, मकवानपुर | सदस्य |
| अधिकृत प्रतिनिधि, हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिध, घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, मकवानपुर | सदस्य सचिव |

८. विकास निर्माण कार्यको लागि आवश्य पर्ने ढुङ्गा, गिट्टी, बालुवा लगायतका सामग्रीहरूको ओसारपसारको लागि प्रकरण १(१) (घ) को प्रावधानको अतिरिक्त विकास निर्माण कार्य सञ्चालन गर्ने कार्यलयहरूको हकमा सम्बन्धित कार्यालय प्रमुखको सिफारिस पत्र, स्थानिय तहभित्र सञ्चालन हुने विकास निर्माण कार्यको हकमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिस पत्रको साथै सामग्री ढुवानी गरी ल्याउने शुरू विन्दुको स्थानीय तहको प्रमुखको सिफारिपत्र अनिवार्य हुने छ ।